# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल


प.सं.२०८०/०८१

च.नं.

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना ।

(प्रकाशित मितिः २०८०।०९।२३)

यस सोलुदुधकुण्ड नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशन नेपालसँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ । सोलुदुधकुण्ड नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र कार्यालय समयमा सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

### तपसिलः

**१. विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०५।२०८०।०८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | २ |
| २ | ०६।२०८०।८१ | | समावेशी (अपाङ्गता) | १ |

**२. सेवाको किसिमः** अस्थायी (करार सेवा)

**३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने,

2080/5/2

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np

Email- solududhkundamun@gmail.com

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने,

(ज) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय-पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** मासिक रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र)

५. **उम्मेद्वारको उमेरः**

(क) महिला र अपाङ्गता भएका उम्मेद्वारको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/१०/०८) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(ख) पुरुषको उम्मेद्वारको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/१०/०८) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. **उम्मेद्वार छनोट विधिः** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. **दरखास्त फाराम पाइने स्थानः**

सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय महिला तथा बालबालिका शाखा

८. **परीक्षा दस्तुरः** रू. १०००।- (एक हजार मात्र )

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** यस नगरपालिकाको (राजस्व शाखा) मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ।

१०. **दरखास्त फाराम भर्ने मितिः** मिति २०८०/०९/२३ देखी २०८०/१०/०८ सम्म (सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म कार्यालय समयभित्र)

११. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको भोलिपल्ट सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ।

१२. **पाठ्यक्रमः** दरखास्त फारामसँगै प्राप्त गर्न सकिनेछ।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा विज्ञापन प्रकाशित भएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. आवेदन स्वीकृत/ अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार नगरपालिकालाई हुनेछ।

१५. थप जानकारिका लागि नगरपालिकाको कार्यालयको टेलिफोन नं ०३८-५२०२६४ वा मोबाइल नं. ९८४२८९७९५४, ९८४८५९२९३९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

२०८०।९।२

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत